फोन: ०६१-५०६४००

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

मादी गाउँपालिका

गण्डकी प्रदेश, नेपाल

सूचना नं. ०७

पत्र संख्याः २०८१/०८२

मितिः २०८१/११/१९

**विषय : आगलागी नियन्त्रण सम्बन्धी जरूरी सूचना ।**

मादी गाउँपालिका आगलागीको दृष्टिले अत्यन्तै जोखिममा रहेको स्थानीय तह हो। सुख्खा मौसम तथा हावाहुरी चल्ने यो मौसममा दिनहुँ जसो आगलागीका घटनाहरु घट्ने गरेका छन्। आगो आफै नलागी कसैले लगाएर वा लापरवाहीबाट लाग्ने र फैलने गरेको पाइएको छ।

आगलागी तथा वन डढेलोले ठूलो मात्रामा जनधनको क्षति, मानव स्वास्थ्य र जीवनमा नकारात्मक असर, वातावरणीय विनाश, वायु प्रदुषण, वन्य जन्तु, चराचुरुङ्गी र बोटविरुवा सखाप पार्ने लगायत समग्र जैविक विविधता तथा पारिस्थितिक प्रणालीमा प्रत्यक्ष असर पर्ने भएकोले आगलागी रोकथाम तथा नियन्त्रणमा सबैले आ-आफ्नो स्थानबाट आवश्यक सहयोग गर्नुहुन साथै जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र गाउँपालिकाको अनुरोध अनुसार निम्न कार्यहरू गर्नु गराउनुहुन सबैमा हार्दिक अपिल गरिन्छ ।

१. कसैले पनि बिहानको ८ बजे पछाडि आफ्नो आँगन तथा खेतबारीमा आगो बाल्न नपाइने,
२. आगो बाल्न/लगाउन परेमा बिहानको ८ बजे भित्र व्यवस्थित र सतर्कतापूर्वक लगाइ तत्कालै निभाउने,
३. खर्क तथा वन क्षेत्रमा आगो लगाउन नपाइने, यदि कसैले आगो लगाएमा कानून बमोजिम कारवाही गरिने,
४. वन डढेलोको जोखिम न्यूनीकरण गर्नका लागि वन क्षेत्र र आसपासमा हुने वनभोज कार्यक्रमहरूलाई निरुत्साहित गर्ने गराउने,
५. आगो लगाउनेको सूचना उपलब्ध गराउनेलाई परिचय गोप्य राख्दै उपयुक्त समयमा उचित सम्मान गरिने ।

२०८१/११/१९

.....................................

धनेन्द्र भुजेल

प्रमुख प्रशासकीय अधिकृत

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

---